# चौतारा साँगाचोकगढी नगरपालिकाको समुहगत कृषि तथा पशुपालनका लागि

## "पकेट विकास प्रवर्द्धनका लागि प्याकेज कार्यक्रम सञ्चालन कार्यविधि-२०७९"

### स्वीकृत मिति : २०७९/०९/२५ गते

**प्रस्तावनाः**

चौतारा साँगाचोकगढी नगरपालिकाको नीति, कार्यक्रम तथा बजेट अनुसार किसानहरुको उत्पादन प्रकृयामा समयमा नै सहज तबरबाट निर्माणात्मक अनुगमन तथा प्राविधिक सहयोग गर्न र उत्पादन गरेका कृषि उपज तथा पशुजन्य उत्पादनहरुको प्रभावकारी ढंगबाट बजारिकरण गर्न सहयोग पुऱ्याउने हेतुले, वडाहरुका निश्चित क्षेत्रहरुलाई पकेट क्षेत्र निर्धारण गरी चौतारा सांगाचोकगढी नगरपालिका भित्र दर्ता भएका समुह/संस्था मार्फत आधारभुत वर्गका कृषकलाई व्यवसायीक बनाउदै उत्पादन बृद्धि गर्दै जीवन स्तरमा सुधार ल्याउने उद्देश्यले नगर भित्र बसोबास गर्ने लक्षित बर्गहरुको सहभागीतामूलक आर्थिक तथा सामाजिक पुर्नलाभ, दिगो र सामुदायिक उत्थानशिल जिविकोपार्जन गर्न, समुहगत कृषि तथा पशुपालनका लागि आधारभुत आवश्यकताहरु सहित प्याकेजमा लगानी गर्दै पकेट क्षेत्रको विकास र प्रवर्द्धन गर्न तथा प्याकेजमा पकेट क्षेत्र कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शि रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन- २०७४ को दफा ११ (ण) तथा दफा १०२ को उपदफा (२) बमोजिम चौतारा सांगाचोकगढी नगरपालिकाले यो कार्यविधि तयार गरी लागु गरेको छ ।

### परिच्छेद-१ः प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम चौतारा सांगाचोकगढी नगरपालिकाको समुहगत कृषि तथा पशुपंक्षी पालनका लागि "पकेट विकास प्रवर्द्धन (प्याकेज)कार्यक्रम संचालन कार्यविधि-२०७९" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) "नगर" वा "नगरपालिका" भन्नाले चौतारा : सांगाचोकगढी नगरपालिका, सिन्धुपाल्चोक सम्झनु पर्छ ।

(२) "कार्यालय" भन्नाले :नगरपालिकाको कार्यालय सम्झनु पर्छ ।

(३) "शाखा" भन्नालेःनगरपालिकाको कृषि विकास तथा पशु सेवा शाखा सम्झनु पर्छ ।

(४) "कार्यविधि" भन्नालेःचौतारा सांगाचोकगढी नगरपालिकाको समूहगत कृषि तथा पशुपंक्षी पालनका लागि "पकेट विकास प्रवर्द्धन (प्याकेज)कार्यक्रम संचालन कार्यविधि-२०७९" सम्झनु पर्छ ।

(५) "कृषक" भन्नाले :खेति किसानी तथा पशुपालन व्यावसायलाई मुख्य आम्दामीको श्रोत मान्ने व्यक्ति सम्झनु पर्छ ।

(६) “लक्षित बर्ग” भन्नाले : नगरपालिका भित्र बसोबास गर्ने ठूला बिपद्हरुबाट प्रभावित परिवार, सहिद वेपत्ता परिवार, जनयुद्ध जनआन्दोलनका घाइते परिवार, दलित, जनजाति, अपाङ्ग, एकल महिला, महिला, अल्पसंख्यक समुदाय, र न्युन आय भएका कृषक सम्भनु पर्छ ।

(७) “प्याकेज” भन्नाले: कृषकलाई आय-आर्जन गर्न आवश्यक सीप, प्रविधि, औजार र आधारभुत सामग्री सहितको एकमुष्ठतालाइ सम्भनु पर्छ ।

(८) “पकेट क्षेत्र” भन्नाले :नगरपालिकाले निर्धारण गरेको निश्चित भुगोल भित्र पहिचान सहितको निश्चित कृषि तथा पशुजन्य उत्पादन केन्द्रित क्षेत्र भन्ने सम्भनु पर्छ ।

(९) “कार्यक्रम” भन्नाले : नगरपालिकाले बार्षिक बजेट तथा कार्यक्रममा समाबेश भएको प्याकेजमा पकेट क्षेत्र कार्यक्रम भन्ने सम्भनु पर्छ ।

(१०) “समुह/संस्था” भन्नाले : यस नगरपालिका भित्र स्थायी बसोबास गर्ने सदस्यहरु भएका र नगरपालिका भित्र कार्यक्षेत्र रही नगरपालिकामा दर्ता भएका कृषि सहकारी, कृषि समुह, महिला समुह, युवा समुह, आमा समुह आदि भन्ने सम्भनु पर्छ ।

(११) “तोकिए बमोजिम” भन्नाले : यस कार्यविधिमा स्पष्ट नभएका बिषयहरु नगर कार्यपालिकाको निर्णयहरुबाट किटान गरिएका बिषयलाई सम्भनु पर्छ ।

## परिच्छेद-२ : पकेट विकास प्रवर्द्धन (प्याकेज) कार्यक्रम क्षेत्र

### ३. पकेट विकास प्रवर्द्धन (प्याकेज) कार्यक्रमको उद्धेश्य देहाय बमोजिमको हुनेछ ।

(१) एक्लाएक्लै तथा छरिएर रहेका कृषकहरुलाई ‘व्यवसायीक उदेश्यका लागि उत्पादन गरौं’ भन्दै निश्चित भुगोल भित्र एकिकृत प्राविधिक तथा परिणममुखि सेवा प्रदान गर्ने ।

(२) सांगठनिक रुपमा साना कृषकहरुलाई उत्पादित कृषि तथा पशुजन्य उत्पादनलाई सहज ढंगबाट संगठित बजारमा प्रवाह गर्ने ।

(३) उपभोक्ताहरुलाई गुणस्तरीय र सुलभ मूल्यमा कृषि तथा पशुजन्य पदार्थहरु उपलव्ध गराउने ।

(४) पहुँच नपुगेका लक्षित बर्गहरुको आर्थिक तथा सामाजिक पुर्नलाभ, आपसि सहयोग, दिगो र सामुदायिक उत्थानशिल जिविकोपार्जनमा सहभागिता बृद्धि गर्ने ।

(५) व्यवसायिक कृषिका लागि आवश्यक हावापानी, माटो, सिंचाई जस्ता आधारभुत पूर्वाधारको विकास गर्दै लाने ।

### ४. पकेट क्षेत्रका क्षेत्रहरु र न्युनतम आधार

(१) एक समुह/संस्थाले पकेट क्षेत्रको अवधारण अनुसार प्रस्ताब पेश गर्न पाईनेछ ।

(२) एक समुह/संस्थाको कम्तीमा १० जना भन्दा बढी लाभान्वित लक्षित बर्ग हुनु पर्नेछ ।

(३) पकेट क्षेत्रका क्षेत्र तथा उपक्षेत्र र न्युनतम आधारहरु देहाय बमोजिम हुनेछ ।

| क.स. | पकेट क्षेत्रका क्षेत्रहरु | उपक्षेत्रहरु | न्युनतम आधार |
|---|---|---|---|
| (क) | कृषि | तरकारी, एक समुह/संस्थामा एकै प्रजातिका फलफुल, च्याउ खेती | तरकारीः प्रत्येक एक ब्यक्ति बराबर टनेल खेती गर्ने भए कम्तिमा ५ वटा टनेल निर्माण गर्ने जग्गा भएको वा खुला जग्गामा गर्ने भए कम्तिमा २ रोपनी जग्गा भएको<br>फलफुलः प्रत्येक एक ब्यक्ति बराबर कम्तिमा २ रोपनी जग्गा भएको<br>च्याउः प्रत्येक एक ब्यक्ति बराबर कम्तिमा २ टनेल भएको |
| (ख) | पशुपालन | बाखा, बंगुर, गाई/भैंसी.......... | बाखाः प्रत्येक एक ब्यक्ति बराबर कम्तिमा ५ वटा माउ बाखा सहित १० वटा बाखा/पाठापाठी भएको<br>बंगुरः प्रत्येक एक ब्यक्ति बराबर कम्तिमा ५ वटा माउ बंगुर भएको<br>गाई/भैंसीः प्रत्येक एक ब्यक्ति बराबर कम्तिमा ५ वटा दुहुनु भएको |

**५. कार्यक्रम छनौट : कार्यक्रम छनौट गर्दा कार्यबिधि अनुरुप मापदण्ड पुगेका कृषकलाई मात्र** कार्यक्रममा सहभागी गरिने छ ।

***छनौटको लागि निम्नानुसारको छनौट समिति हुने छ :***

प्रमुख प्रशासकीय अधिकृत - संयोजक
आर्थिक विकास समिति संयोजक - सदस्य
सम्बन्धित शाखा प्रमुख - सदस्य सचिव

(समितिलाई राय, सल्लाह, सुझाव, आवश्यक परेमा बिषय विज्ञ वा सम्बन्धीत अन्य ब्यक्तिलाई आमन्त्रित गर्न सक्ने छ ।)

**६. लागत साझेदारी**

(१) स्थानीय स्तरमा उपलब्ध हुने निर्माण सामग्री लाभान्वित किसान स्वयंले उपलब्ध गराउनु पर्नेछ ।

(२) निमार्ण तथा उत्पादन प्रक्रियामा लाग्ने दक्ष तथा अर्ध-दक्ष कामदार लाभान्वित किसान स्वयंले उपलब्ध गराउनु पर्नेछ ।

(३) बाहिरबाट खरिद गर्नु पर्ने बाह्य सामग्री खरिद गर्नु पर्दा माग संख्याको अवस्था र बजेटको उपलब्धता अनुसार ५० प्रतिशत नबढ्ने गरी लाभान्वित किसानले स्वयंले ब्यहोर्नु पर्नेछ ।

(४) नगरपालिकाले नगरपालिका भित्र कार्यरत गैर सरकारी संस्था/बिकास साझेदार संस्थासंग कार्यक्रम संचालन गर्न आर्थिक तथा प्राविधिक साझेदार गर्न सक्नेछ ।

(५) साझेदारी सम्बन्धि अन्य प्राबधानहरु नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## ७. वडा तथा पकेट क्षेत्र छनौट

(१) स्वीकृत बार्षिक कार्यक्रम, बजेट र सम्भाब्यता तथा प्राथमिकता क्षेत्रका आधारमा सो आ.ब. को लागि नगरपालिका/नगर कार्यपालिकाले निश्चित वडाहरु छनौट गर्न सक्नेछ ।

(२) छनौट भएका वडाहरुमा मात्र सो आ.ब. को लागि तोकिए बमोजिम कार्यक्रम लागू गर्न सक्नेछ ।

(३) नगरपालिकाले पकेट क्षेत्र पहिचान वा घोषणा गर्न सक्नेछ ।

(४) उपदफा- (३) बमोजिमको पकेट क्षेत्रलाई लक्षित गर्ने गरी नगरपालिकाले आवश्यकतानुसारको कार्यक्रम संचालन गर्न सक्नेछ ।

## परिच्छेद-३: प्रस्तावना आह्वान र छनौट

## ८. सुचना प्रकाशन

(१) नगरपालिकाले प्रस्ताब गर्ने समुह/संस्थाको मापदण्ड, प्रस्ताब पेश गर्ने क्षेत्र, अवधि, आश्यक कागजात आदि उल्लेख गरी बिभिन्न माध्यमहरुको प्रयोग गरी सूचना प्रकाशन गर्न सक्नेछ ।

(२) सूचनाको नमुना अनुसुचि-१ बमोजिम हुनेछ ।

(३) प्रकाशित सूचनाहरुलाई प्रसारण तथा समुह/संस्थासम्म पुर्‍याउने दायित्व नगरपालिका र वडा कार्यालयको हुनेछ ।

## ९. प्रस्तावना पेश

(१) नबिकरण तथा अध्यावधि समुह/संस्थाहरु जसले लक्षित वर्गको समुहहरुलाई प्रतिनिधित्व गर्ने गरेको हुनु पर्ने छ ।

(२) ती समुह/संस्थाहरुको समावेशी शासकीय संरचना भएको जसमा लक्षित बर्गको मुख्य पद ( अध्यक्ष, सचिव र कोषाध्यक्ष) मा उपस्थिति र समितिमा न्युनतम ३३ प्रतिशत महिला भएको हुनु पर्दछ ।

(३) उपदफा (१) र (२) का समुह/संस्थाहरुले प्रस्तावना तयार गर्दा अनुसुचि-२ बमोजिमको प्रस्तावना फारम भर्नु पर्नेछ ।

(४) प्रस्तावनाको क्षेत्र, उपक्षेत्र तथा लाभान्वित लक्षित बर्ग दफा-४ बमोजिमको हुनुपर्नेछ ।

(५) प्रतिव्यक्ति प्रस्तावित बजेट रु. १ लाख नबढ्ने गरी दफा-६ बमोजिम लागत साझेदारी हुनु पर्नेछ ।

(६) प्रस्तावित परियोजना अवधि चालु आर्थिक बर्षमा सक्ने खालको क्रियाकलाप हुनुपर्नेछ ।

(७) प्रस्तावना नगरपालिकाको सम्बन्धित शाखामा पेश गर्नु पर्नेछ ।

(८) प्रस्तावना पेश गर्दा आवश्यक कागजातहरु

- (क) समुह/संस्थाको निबेदन
- (ख) समुह/संस्थाको दर्ता प्रमापत्र, नबिकरण तथा प्यान कार्डको प्रतिलिपि
- (ग) समुहको हकमा सम्पुर्ण सदस्य तथा सहकारीको हकमा सम्पुर्ण संचालक/कार्य समितिको उपस्थित सहितको निर्णय पुस्तिकाको प्रतिलिपि

(घ) बिस्तृत क्रियाकलाप र सुचना तथा विवरण सहितको तोकिएको प्रस्तावना फारमको सक्कल प्रति

## १०. प्रस्तावना प्राथमिकीकरण र छनौट

(१) समुह/संस्थाबाट पेश भएको प्रस्तावनाहरुको छानविन र प्राथमिकीकरण नगर आर्थिक विकास समितिको बैठकबाट गरिनेछ ।

(२) उपदफा- (१) बमोजिम छानविन गर्दा निम्न चरणहरु पुरा गर्नु पर्नेछ ।

चरण १: समयसीमा भित्र आएका संपूर्ण परियोजना प्रश्तावहरुलाई क्रम संख्या दिने

चरण २: प्रत्येक परियोजना प्रस्तावनाहरुको जाँच गरी योग्य छन् की छैनन् पत्ता लगाउने र जुन जुन परियोजना प्रश्तावले निम्न आबश्यकता पुरा गर्दैनन् त्यस्तालाई अयोग्य घोषित गर्ने ।

- लक्षित बर्गलाई प्रतिनिधित्व गर्ने समुहहरु/ संस्थालाई प्राथमिकता दिइने छ ।
- समुह/संस्था जो आधिकारिक रुपमा पालिकामा दर्ता वा नबिकरण पालिकाको अभिलेखमा रहेको ।
- लक्षित बर्ग मुख्य पदमा उपस्थिति सहित समुहहरुको समावेशी शासकीय संरचना भएको ।
- समुह/संस्थाको सकृयता, जस्तै मासिक/नियमित बैठक, भेला, बचत आदि ।
- प्रस्तावित परियोजना सो स्थानमा प्राविधिक हिसाबले उपयुक्त भए नभएको एकिन गर्ने ।

चरण ३: प्रत्येक परियोजना प्रस्तावना तोकिएको क्षेत्र/उपक्षेत्रसँग सम्बन्धित भए नभएको जाँच गर्ने । सम्बन्धित नभएकालाई अयोग्य घोषित गर्ने ।

चरण ४: प्रत्येक परियोजना प्रस्तावनाको बजेट हेर्ने, यथार्थमुलक ढंगले बजेट परिमार्जन गर्न सकिने खालका संभाब्य परियोजना प्रश्तावहरुलाई चिन्ह लगाउने । आबश्यक परेमा सम्बन्धीत समुह/संस्थालाई बोलाई बजेट परिमार्जन गर्ने ।

चरण ५: प्रत्येक परियोजना प्रस्तावनाको समयाबधि हेर्ने । तोकिएको समयसीमा भित्र कार्यान्वयन गर्न नसकिने परियोजना प्रस्तावनाहरुलाई अयोग्य घोषित गर्ने । यदि कार्यतालिका उचित दंगले परिमार्जन गर्न सकिने खालका संभाब्य परियोजना प्रश्तावहरुलाई चिन्ह लगाउने ।

(३) उपदफा-२ अनुसार छानविन पश्चात् उपदफा-१ बमोजिमछनौट समितिले निम्न चरणहरु पुरा गरी परियोजना प्रश्तावनाहरुलाई अंक प्रदान गर्ने र प्राथमिकीकरण गर्नु पर्नेछ ।

चरण १: परियोजना प्रस्तावना प्राथमिकीकरणका आधार/सुचकहरुको समीक्षा गर्ने र अंक छनौट समितिले गर्ने छ ।

चरण २: प्रत्येक परियोजना प्रस्तावनाको बिषयबस्तु समीक्षा गर्ने र निर्धारित आधारहरुको प्रयोग गरी सामुहिक रुपमा अंक प्रदान गर्ने ।

चरण ३ : प्राप्त अंकको आधारमा प्रस्तावनाहरुलाई प्राथमिकीकरण गर्ने ।

(४) उपदफा- (४) बमोजिम पेश भएका प्रस्तावनाहरुलाई नगरपालिका/छनौट समितिद्धारा प्राविधिक पक्षको सम्भाब्यता अध्ययन प्रतिबेदन पुनरावलोकन गर्ने र आर्थिक, प्राविधिक र व्यवहारिक पक्षलाई मध्येनजर गर्दै प्रस्तावना छनौट गरिनेछ ।

(५) छनौट भएका प्रस्तावनाहरु सम्बन्धित शाखाबाट कार्यान्वयनको तयारी गरिनेछ ।

## परिच्छेद-४: प्रस्तावनाहरुको अन्तिम तयारी तथा कार्यान्वयन

### ११. विस्तृत प्रस्तावना तथा योजना तयारी

(१) सम्बन्धित शाखाबाट अन्तिम छनौट भएका समुह/संस्थाहरुको सुचना जारी गर्नेछ ।

(२) छनौट भएका समुह/संस्थाको भेलाद्धारा दफा- (५) बमोजिम प्राविधिक तथा दफा- (६) आर्थिक प्रस्तावनाको पुनरावलोकन गर्दै प्रस्तावनाको अन्तिम रुप दिईनेछ र समुह/संस्थाका सदस्यहरु मध्ये लाभान्वित सदस्यहरुको अन्तिम नामावलि छनौट गरिनेछ ।

(३) समुह/संस्थाको भेला हुँदा समावेशी आधारमा सम्भावित लक्षित बर्गहरु मध्ये न्युनतम ८० प्रतिशत उपस्थित हुनु पर्नेछ ।

(४) प्रत्येक समुह, सहकारीहरुले छलफल गरी परियोजनाको उद्देश्य अनुरुप सहमत हुनेछन् । त्यसपछि समुहले सरल कार्य योजना बनाउनु पर्दछ जसमा मूख्य क्रियाकलापहरु के के, कुन क्रियाकलाप गर्ने र को जिम्मेवार हुने आदि कुरा समाबेश हुने गरी परियोजनाको कार्ययोजना तयार गर्नुपर्नेछ ।

(५) सो भेलामा आवश्यक परेमा प्राविधिक तथा वडा प्रतिनिधिहरुद्धारा सहजिकरण गर्नु पर्नेछ ।

(६) समुहमा वा सहकारीमा आवद्ध व्यक्तिले प्याकेज बुझेर पनि काम नगरेमा सम्बन्धीत समुह वा संस्थाले नगरपालिकाको सम्बन्धीत शाखालाई जानकारी गराई त्यो प्याकेज अर्को सदस्सयलाई प्रदान गर्न सक्ने छ । साथै त्यस्तो कृषकलाई नगरद्धारा अन्य सुबिधाबाट बन्चित गर्न सक्ने छ

### १२. सम्झौता पत्र

(१) अन्तिम छनोटमा परेका समुह/संस्था र नगरपालिका बिच सम्बन्धित शाखाको पदाधिकारीको रोहवरमा छनोट भएका परियोजनाको. कार्यान्वयनका लागि एक सम्झौता पत्रमा हस्ताक्षर हुने छ ।

### १३. बजेट निकासा

(१) सम्झौता बमाजिमको रकम प्राप्त गर्न समुह/संस्थाले एक छुट्टै बैंक खाता खोलेको हुनु पर्ने छ ।

(२) नगरपालिकाले समुह/संस्थासँग भएको सम्झौता बमाजिमको रकम प्रचलित अभ्यास बमोजिम एकमुष्ट वा किस्तामा उपलब्ध गराउने छ ।

(३) रकम निकासा सम्बन्धीत प्राविधिक कर्मचारी वा अनुगमन समितिको स्थलगत अनुगमन र वडाको सिफारिसको आधारमा हुनेछ ।

### १४. सामान खरिद

(१) सम्झौतामा उल्लेख भए अनुसार समुह/संस्थाले सामान खरिद गरी कार्यक्रम संचालन गर्नुपर्नेछ

(२) खरिद भएका सामानहरुको उचित ढंगले अभिलेख राख्ने जिम्मा सम्बन्धीत समुह/संस्थाको हुने छ । अभिलेख राख्दा खरिद भइ आएको सामान, खर्च भएको समान र मौजुदा सामानको अभिलेख स्पष्टसँग राख्नु पर्ने छ ।

**१५. परियोजना कार्यान्वयन तथा संचालन**

(१) नगरपालिकाको सम्बन्धीत कर्मचारीबाट समुह/संस्थाका कार्य समितिका सदस्यहरुको लागि परियोजना कार्यान्वयन तथा संचालन सम्बन्धमा आवश्यकता अनसाि अभिमुखीकरण तालिम सञ्चालन गर्न सकिनेछ ।

(२) परियोजना कार्यान्वयन तथा सञ्चालन गर्दा कार्य योजना बनाएर गरिने छ । कार्य योजनामा मूख्य क्रियाकलापहरु, कुन कुन क्रियाकलाप गर्ने र को जिम्मेवार हुने आदि कुरा समाबेश भएको हुनेछ । कार्य योजना बनाउनमा नगरपालिकाको सम्बन्धीत कर्मचारीबाट सहयोग प्रदान गर्न सकिने छ ।

(३) परियोजना अन्तरगत बिषयगत तालिम भएमा नगरपालिकाको सम्बन्धीत प्राविधिक कर्मचारी वा बाह्य श्रोत ब्यक्तिहरुबाट त्यस्ता तालिम सञ्चालन गरिने छ ।

(४) कार्य योजना अनुसार परियोजनाका हरेक क्रियाकलाप कार्यन्वयन गर्नु पर्ने छ ।

(५) परियोजना कार्यान्वयनको क्रममा कार्यान्वयन गर्ने समुह/संस्थाहरुलाई वडा तथा नगरपालिकाका प्राविधिक कर्मचारीबाट आबश्यक प्राविधिक सहयोग र सेवा प्रदान गरिने छ ।

**१६. उत्पादित वस्तुको मुल्य निर्धारण तथा बजारिकरण**

(१) परियोजनाका क्रियाकलापहरुमा ब्यवसाय तथा बजारीकरण तालिम समेत आवश्यकता अनुसार समाबेश गरिने छ ।

(२) मुल्य निर्धारण तथा बजारिकरणका लागि नगरपालिकाको सम्बन्धीत शाखाले आबश्यक सहजीकरण गर्न सक्ने छ ।

(३) समुह/संस्थाले परियोजना अन्तरगत उत्पादन गर्दा उचित गुणस्तरलाई ध्यान दिनुका साथै नगरपालिकाले स्थानीय उत्पादनलाई ब्राण्डिङ्ग गर्न आबश्यक सहयोग गर्न सक्ने छ ।

## परिच्छेद-५: कार्यक्रमको अनुगमन/मुल्याङ्कन

**१७. कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन :** कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नको लागि यस नगरपालिकाको उप प्रमुखको संयोजकत्वमा देहायका पदाधिकारी रहेको एक अनुगमन तथा मूल्यांकन समिति रहने छ ।

| | |
|---|---|
| उप प्रमुख | : संयोजक |
| आर्थिक विकास समितिका संयोजक | : सदस्य |
| सम्बन्धित वडाको वडा अध्यक्ष | : सदस्य |
| प्रशासन/योजना शाखाको शाखा प्रमुख | : सदस्य |
| सम्बन्धित शाखाको शाखा प्रमुख | : सदस्य-सचिव |

(१) परियोजना कार्यान्वयन सम्पन्न भएपछि साझेदार समुह/संस्थाल सार्वजनिक परीक्षण कार्यक्रमको आयोजना गरिने छ । आवश्यकता अनुसार सम्बन्धीत सरोकारवालाहरुलाई आमन्त्रण गरी सार्वजनिक परीक्षणको माध्यमबाट सम्बन्धीत परियोजनाको प्रगति, आम्दानी, खर्च र उपलब्धीहरु सार्वजनिक गरिनेछ ।

## परिच्छेद-६: विविध

१८. यस कार्यबिधिबाट स्पष्ट हुन नसकेका कुराहरुलाई नगर कार्यपालिकाको निर्णय तथा बिद्यमान अन्य नीति-निर्देशिकामा उल्लेख भए बमोजिम हुने छ ।

१९. आबश्यकतानुसार नगरपालिकाले यस कार्यविधिलाई परिमार्जन गर्न सक्ने छ ।

## अनुसुचिहरु

### अनुसुची-१ः सूचना प्रकाशनको नमुना (दफा-८ को उपदफा (२) संग सम्बन्धित)

## चौतारा साँगाचोकगढी नगरपालिका, सिन्धुपाल्चोक

### पकेट विकास प्रवर्द्धनका लागि प्याकेज कार्यक्रम अन्तर्गत समुहगत कृषि तथा पशुपालनका लागि परियोजना प्रशताव आव्हान

चौतारा साँगाचोकगढी नगरपालिकाले किसानहरुको कृषि उपज तथा पशुजन्य उत्पादनमा बृद्धि र बजारिकरण गर्नमा सहयोग पुऱ्याउने हेतुले वडाहरुका निश्चित क्षेत्रहरुलाई पकेट क्षेत्र निर्धारण गरी चौतारा सांगाचोकगढी नगरपालिका भित्र दर्ता भएका समुह/संस्था मार्फत आधारभुत वर्गका कृषकलाई व्यवसायीक बनाउदै उत्पादन बृद्धि गर्दै जीवन स्तरमा सुधार ल्याउने उदेश्यले नगर भित्र बसोबास गर्ने लक्षित बर्गहरु कृषकहरुलाई समुहगत कृषि तथा पशुपालनका लागि यस नगरपालिकाले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने भएकोले ईच्छुक कृषि सहकारी, कृषि समुह, महिला समुह, दलित समुह, युवा समुह, आमा समुहलाई परियोजना प्रश्ताव पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।

**प्रश्ताव पेश गर्ने निकायः** सम्बन्धीत वडा कार्यालय मार्फत नगरपालिकाको कार्यालय

**प्रश्ताव पेश गर्ने मितिः**

**प्रश्ताव पेश गर्न योग्यः** नगरपालिकामा दर्ता भएका ठूला बिपद्हरुबाट प्रभावित परिवार, सहिद वेपत्ता परिवार, जनयुद्ध जनआन्दोलनका घाइते परिवार, दलित, जनजाति, अपाङ्ग, एकल महिला, महिला, अल्पसंख्यक समुदाय, र न्युन आय भएकाहरुको कृषि सहकारी, कृषि समुह, महिला समुह, दलित समुह, युवा समुह, आमा समुह

**बजेटः** प्रतिव्यक्ति रु. १ लाख नबढ्ने गरी ।

**प्रकृयाः** प्रश्तावना फाराम भरी समुह/संस्थाको बैठकको निर्णय प्रतिलिपिसहित पेश गर्ने

**प्रश्तावना फाराम**ः  प्रश्तावना फाराम सम्बन्धीत वडा कार्यालय वा नगरपालिकाबाट प्राप्त गर्न सकिने छ ।

नोटः प्रकृया पुरा नगरी आएको प्रश्तावना स्वीकार गर्न नगरपालिका बाध्य हुने छैन ।

# अनुसुचि-२ः प्रस्तावना फारमको ढाँचा

(दफा-९ को उपदफा (३) संग सम्बन्धित)

<table>
<tr><td rowspan="2">फाराम क-१</td><td colspan="3">प्याकेजमा पकेट क्षेत्र कार्यक्रम<br>प्राविधिक परियोजना प्रस्तावना फारम</td><td rowspan="2">परियोजना क्षेत्र (√) :<br>☐कृषि<br>☐पशुपालन</td></tr>
<tr><td colspan="3">आर्थिक बर्ष (२०७९/२०८०)</td></tr>
<tr><td>प्रस्तावना पेश गर्ने समुह/संस्था</td><td colspan="4"></td></tr>
<tr><td>नगरपालिकाको नामः</td><td colspan="2">चैतारा साँगाचोकगढी नगरपालिका</td><td>वडा नं.:</td><td></td></tr>
<tr><td>परियोजना स्थल</td><td>परियोजना संचालन हुने गाउँ/टोल</td><td></td><td>परियोजनाको खास स्थान</td><td></td></tr>
<tr><td>परियोजनाको शिर्षक</td><td colspan="4"></td></tr>
<tr><td colspan="2">परियोजनाको अवधि (कहिले देखि कहिले सम्म)</td><td colspan="3"></td></tr>
<tr><td>परियोजनाको उद्देश्य</td><td colspan="4"></td></tr>
<tr><td>परियोजनाको विवरण</td><td colspan="4">के गर्ने (क्रियाकलाप)<br><br><br>परियोजनाको किन गर्ने (संबोधन गर्नु पर्ने (आबश्यकता वा समस्या)<br><br><br>कसरी गर्ने (प्रकृया)</td></tr>
</table>

<table>
<tr><td></td><td colspan="8">परियोजनाको कसको लागि गर्ने ? (लक्षित समुह)</td></tr>
<tr><td rowspan="3">परियोजना पछि प्राप्त गर्न खाजिएको नतिजा</td><td>परिणाम १</td><td colspan="7"></td></tr>
<tr><td>परिणाम २</td><td colspan="7"></td></tr>
<tr><td>परिणाम ३</td><td colspan="7"></td></tr>
<tr><td rowspan="6">सामाजिक र आर्थिक बर्गिकरण अनुसार लाभग्राहीको संख्या<br>(सामाजिक बर्गिकरण र आर्थिक अबस्था सहित)</td><td colspan="2">अपांगता भएको व्यक्ति</td><td colspan="2">दलित</td><td colspan="2">मुश्लिम</td><td colspan="2">जनजाति</td></tr>
<tr><td>पुरुष</td><td>महिला</td><td>पुरुष</td><td>महिला</td><td>पुरुष</td><td>महिला</td><td>पुरुष</td><td>महिला</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">भूमिहीन/ सुकुम्बासी</td><td colspan="2">बिपन्न खसआर्य</td><td colspan="2">अन्य</td><td colspan="2">जम्मा</td></tr>
<tr><td>पुरुष</td><td>महिला</td><td>पुरुष</td><td>महिला</td><td>पुरुष</td><td>महिला</td><td>पुरुष</td><td>महिला</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>अनुमानित बजेट (बिस्तृत फाराम-२/ वित्तिय प्रश्तावमा)</td><td>रु..</td><td colspan="7"></td></tr>
<tr><td>परियाजना प्रश्ताव पेश गर्ने (नाम, सामुदायीक संस्था वा सहकारीको विवरण)</td><td colspan="8">समुह/संस्था बर्गिकरण☐सहकारी, ☐उपभोक्ता समुह, ☐महिला समुह, ☐कृषि समुह, ☐युवा समुह, ☐अन्य (कृपया उल्लेख गर्नुहोस.......................................<br>ठेगानाः<br>स्थापना भएको (महिना र साल):<br>कति जना कुल सदस्य (महिलाः ......पुरुषः....... दलितः...... जनजातिः ......मुश्लिमः .......अपांगता भएका व्यक्तिः .........अन्य.......) जम्माः.......<br>कार्य समितिमा को को छन् ? (महिलाः ...... पुरुषः........ दलितः ........जनजातिः .....मुश्लिमः ....... अपांगता भएका व्यक्तिः...... अन्यः .......) जम्माः .......<br>पालिका वा वडामा दर्ता (नं. र बर्ष):<br>परियोजना कार्यावयनको पुर्व अनुभव -कस्तो प्रकारको कार्य)</td></tr>
</table>

| | |
|---|---|
| परियाजना प्रश्ताव पेश गर्न बसेको बैठकको मिति | |
| हस्ताक्षर सहित बैठकमा सहभागीको सुची ( परियाजना प्रश्ताव तयारी बैठकको) | |
| जाँचसुची (लागु हुने सबै जाँच गर्ने)<br>(Check all that apply) | यो परियोजनाले:<br>☐भूकम्पले प्रभाव पारेकाहरको पुनर्लाभ प्रबर्धन र जीविकोपार्जन उकास्ने छ।<br>☐ पुनर्लाभ कार्यक्रमसँग सम्बन्धीत वा पालिकाको आवधिक विकास योजना वा र आवधिक विकास योजनासँग सम्बन्धीत<br>☐ पालिकाको समग्र पुनर्लाभ वा कृषि र पर्यटनलाई योगदान पुराउने<br>☐समुदायभित्र आर्थिक बृद्धि र भविष्यमा आउन सक्ने बिपद् बिरुद्ध सामाजिक सक्षमता बढाउने<br>☐बिपद् नियन्त्रण सम्बन्धमा समुदायको आफ्नो क्षमता, सचेतना, र बुझाई सवल पार्ने उद्देश्यका क्रियाकलाप<br>☐आवधिक विकास योजना समुदायमा आपसी सहयोग प्रबर्धन<br>☐महिला र सीमान्तकृत समुहहरुको रुची र आबश्यकता सम्बोधन गर्दै समानता, सशक्तिकरण, र जीविकोपार्जन सुधार<br>☐भूकम्प प्रभावित समुदायबाट बिशिष्ट उत्पादनका लागि उच्च संभाव्य सहितको मूल्य-थप उत्पादन वा सेवा सृजना<br>☐ पालिकामा बिशिष्ट संस्कृतिको प्रबर्धन |
| पेश गरेको मितिः | |
| प्राप्त गर्ने | |

| | | | |
|---|---|---|---|
| फाराम क २ | प्याकेजमा पकेट क्षेत्र कार्यक्रम<br>वित्तीय प्रस्तावना फारम<br>आर्थिक बर्ष (२०७९/२०८०) | | परियोजना क्षेत्र (√) :<br>☐कृषि<br>☐पशुपालन |
| पलिकाको नामः | | वडा नं | |
| परियोजनाको शिर्षकः | | | |
| अनुमानित लागत | | | |
| खर्चको शिर्षक | इकाइ लागत (रु.) | परिमाण | जम्मा (रु) |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| जम्मा लागत (रु. अंकमा) | | | |
| जम्मा लागत (रु. अक्षरमा) | | | |
| बाँकि लागतको लागि अन्य श्रोत ( जस्तै पालिका, वडा, समुहको आफ्नै रकम आदि) | | | |
| खर्चको शिर्षक | इकाइ लागत (रु.) | परिमाण | जम्मा (रु) |
| | | | |
| | | | |
| | | | |

## अनुसुचि-३: प्रस्तावना अंक भार तथा प्राथमिकीकरण

## (दफा-१० को उपदफा (४) संग सम्बन्धित)

| क्र. सं. | परियोजनाको नाम | सामान्य आधार (७० अङ्क) | | | | | | | क्षेत्रगत आधार (३० अङ्क) | | जम्मा प्राप्त अंक | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ तिव्र, दिगो र रोजगारमूलक आर्थिक बृद्धिमा योगदान पुऱ्याउने (१५ अङ्क) | २ स्थानीय प्राथमिकता वा तुलनात्मक लाभका क्षेत्रमा योगदान पुऱ्याउने (१० अङ्क) | ३ दिगो विकासको लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने (१० अङ्क) | ४ सहभागिताको अवस्था (१० अङ्क) | ५(क) क्षेत्रीय समावेशीकरण (५ अङ्क) | ५(ख) सामाजिक समावेशीकरण ( ५ अङ्क) | ६ आयोजनाको पूर्व कार्य प्रगति, सम्पन्न हुन लाग्ने समय वा कार्यान्वयन तयारी कार्य (१५ अङ्क) | १ चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तीमा योगदान (१५ अङ्क) | २ दिगो विकास क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान (१५ अङ्क) | | |
| 1 | | | | | | | | | | | | |
| 2 | | | | | | | | | | | | |
| 3 | | | | | | | | | | | | |
| 4 | | | | | | | | | | | | |
| 5 | | | | | | | | | | | | |
| 6 | | | | | | | | | | | | |
| 7 | | | | | | | | | | | | |
| 8 | | | | | | | | | | | | |

## *अंक प्रदानको लागि अंकभार*

| क.सं. | *योगदान* | अबस्था | अंक | | |
|---|---|---|---|---|---|
| | | | पूर्ण अंक (१५) | पूर्ण अंक (१०) | पूर्ण अंक (५) |
| 1 | प्रत्यक्ष र बिशेष योगदान पुग्ने | धेरै राम्रो | 15 | 10 | 5 |
| 2 | अप्रत्यक्ष र बिशेष योगदान पुग्ने | राम्रो | 10 | 6 | 3 |
| 3 | निम्न योगदान पुग्ने | ठिकै | 5 | 3 | 1 |
| 4 | योगदान नपुग्ने | अलि न्युन | 0 | 0 | 0 |

## *प्राथमिकताको आधार*

| **रा.यो.आ. को स्थानीय योजना तर्जुमा दिग्दर्शनमा भएका आधारहरु** | **प्रशतावहरुलाई अंक प्रदान गर्दा बिचार पुराउनु पर्ने बुँदाहरु** |
|---|---|
| **क. सामान्य आधार** | |
| १ तिब्र, दिगो र रोजगारमूलक आर्थिक बृद्धिमा योगदान पुऱ्याउने | ● भूकम्प र अन्य बिपदहरुबाट प्रभावित जिविकोपार्जनको पुनर्लाभ र उत्थानको प्रबर्धन<br>● महिला र सुविधा बिमूख समुहहरुको आबश्यकता र हितको प्रत्यक्ष रुपमा सम्बोधन गरी समानता, सशक्तिकरण र जिविकोपार्जन सुधार गर्ने लक्ष्य |
| २ स्थानीय प्राथमिकता वा तुलनात्मक लाभका क्षेत्रमा योगदान पुऱ्याउने | ● पालिकाको समग्र पुनर्लाभ त्यो खास गरी कृषि र पर्यटनको क्षेत्रमा योगदान पुराउने<br>● भूकम्पबाट प्रभावित समुदायबाट बजारको उच्च संभावना सहितको उत्पादनको मूल्य-थप उत्पादन/सेवा सृजना गर्ने लक्ष्य भएको<br>● पालिकाको खास संस्कृति प्रबर्धन गर्ने |
| ३ दिगो विकासको लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने | ● समुदायमा भविष्यमा आउन सक्ने बिपदहरुको बिरुद्ध आर्थिक र सामाजिक उत्थानशिलता बढाउने प्रश्ताव |
| ४ सहभागिताको अवस्था | ● परियोजना निर्माणको सहभागीतामूलक प्रकृया |
| ५ क्षेत्रीय तथा लैससासमा | ● लाभग्राहीहरु मध्येमा लक्षित बर्गको दर |

| | |
|---|---|
| योगदान | ● सञ्चालन समिति वा सामुदायीक समुहको शासकीय संरचनामा महिलाको दर |
| ६ आयोजनाको पूर्व कार्य प्रगति, सम्पन्न हुन लाग्ने समय वा कार्यान्वयन तयारी कार्य | ● प्रश्तावको स्पष्ट बिषयबस्तु जस्तो के, किन, कसरी, को, कहाँ र कहिलेको लागि स्पष्ट उत्तर भएको |
| **ख. क्षेत्रगत आधार** | |
| ७ चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तीमा योगदान | ● सहभागीमूलकद ग्रामिण पुनर्लाभ सम्बन्धी दूरदृष्टि, सिद्धान्त र प्राथमिकतासँग मेल खान<br>● पालिकाको आवधिक विकास योजना र/वा बार्षिक विकास योजनाले पहिचान गरेका पुनर्लाभ कार्यक्रमसँग जोडिएको |
| ८ दिगो विकास क्षेत्रगत लक्ष्य प्राप्तिमा योगदान | ● त्यस्ता क्रियाकलापहरु समाबेश भएको जसको उद्देश्य बिपद नियन्त्रणमा समुदायको आफ्नो क्षमता, सचेतना र बुझाई सबल बनाउने भएको |

**अनुसूची-४ : सम्झौता-पत्रको नमूना**

**(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)**

**यस चौतारा साँगाचोकगढी नगरपालिका कृषि विकास शाखाको आ.व. २०७९/०८० को स्वीकृत पकेट विकास प्रवर्द्धन (प्याकेज) कार्यक्रम सञ्चालनसँग सम्बन्धित**

# सम्झौता-पत्र

चौतारा साँगाचोकगढी नगरपालिकाको समूहगत कृषि तथा पशुपालन पकेट विकास प्रवर्द्धन कार्यक्रमका लागि **"पकेट विकास प्रवर्द्धनका लागि प्याकेज कार्यक्रम सञ्चालन कार्यविधि-२०७९"** र छनौट समितिको मिति २०८०/०३/०७ गतेको निर्णय बमोजिम चौतारा साँगाचोकगढी नगरपालिका अर्न्तगतको **श्री** ................................................ (यस पछि दोस्रो पक्ष भनिएको) र चौतारा साँगाचोकगढी नगरपालिका (यस पछि पहिलो पक्ष भनिएको) बीच देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो सम्झौता-पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं ।

**१) सम्झौता गर्ने पक्ष र चौतारा साँगाचोकगढी नगरपालिका**

**क. चौतारा साँगाचोकगढी नगरपालिका अर्न्तगतको सहकारी/समुह/फर्म बाट सम्झौत गर्ने आधिकारिक प्रतिनिधि**

अ. नाम : श्री .....................................

आ. प्रतिनिधित्व गर्ने समुह/सहकारीको नाम : **श्री** ............................................

इ. ठेगाना :चौतारा साँगाचोकगढी नगरपालिका वडा नं...............

**ख. पकेट स्थलको विवरण : चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ................ गाँउ/ टोल :** ......................................

**ग. पकेट कार्यान्वयन अवधि :**

१. सुरु हुने मिति :

२. सम्पन्न हुने मिति :

**२) चौतारा साँगाचोकगढी नगरपाालिका अर्न्तगत पकेट विकास प्रवर्द्धन कार्यक्रम(प्याकेज)मा सञ्चालन हुने क्रियाकलाप सम्बन्धि विवरण :**

क. कार्यक्रमको नाम :

ख. कार्यक्रमको किसिम : नयाँ स्थापना

ग. कार्यक्रमको कुल लागत :

घ. कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित :

**३) समुदाय :**

**४) सम्झौताका सर्तहरु :**

४.१ यो सम्झौता पत्र चौतारा साँगाचोकगढी नगरपालिका कृषि विकास शाखा अर्न्तगत पकेट विकास प्रवर्द्धन कार्यक्रम (प्याकेज) सञ्चालन गर्न कृषक समुह र चौतारा साँगाचोकगढी नगरपालिका बिच **बाखा पकेट** स्थापनामा सहयोग गर्ने प्रयोजनका लागी प्रयोग गरिनेछ । यस कृषि उद्यमी/कृषक समुह/कृषि सहकारी संस्थामा देहाय बमोजिम स्पेशिफिकेशन अनुसारको पूर्वाधार निर्माण/मेशिनरी उपकरण सामाग्री खरिद एवम व्यवस्थापन गरिनेछ ।

| **क्र.सं.** | **सञ्चालन गरिने कृयाकलाप/विवरण** | **स्पेशिफिकेशन** |
|---|---|---|
| | | |

४.२ सम्झौता पत्रमा हस्ताक्षर गरेको मिति देखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ ।

४.३ दोस्रो पक्षले सम्झौतामा हस्ताक्षर भए पछि तत्काल काम सुरु गर्नुपर्नेछ ।

४.४ दोस्रो पक्षले यस पकेट सञ्चालनका लागि सम्झौता गरिएको क्रियाकलापहरुको लागतमा तोकिएको ५० प्रतिशत नगद नै सुनिश्चित गर्नुपर्नेछ ।

४.५ दोस्रो पक्षले यसै परियोजनाको लागि आफ्नो समुहको स्रोत बाहेक अन्य कुनै सरकारी गैरसरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा परियोजना ईकाइलाई जानकारी गराउनु पर्नेछ ।

४.६ दोस्रो पक्षले परियोजना अन्तर्गत क्रियाकलापहरु सञ्चालन गर्दा चौतारा साँगाचोकगढी नगरपालिका वा सम्बन्धित प्राविधिकले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ ।

४.७ दोस्रो पक्षले परियोजना अर्न्तगत सञ्चालन भएको क्रियाकलापहरुको कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित प्राविधिकबाट तयार गरी प्रत्यक्ष लाभान्वित कृषकहरुको बैठक निर्णयबाट अनुमोदन गराए पश्चात मात्र सम्झौता बमोजिमको अनुदान रकम भुक्तानी दिईनेछ । यसरी भुक्तानी पाउन दोस्रो पक्षले अनिवार्य रुपमा तोकिएको लागत साझेदारी प्रतिशत सहितको काम सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।

४.८ यस पकेट निर्माण/मेसिनेरी उपकरण खरिद कार्य सम्झौता पत्रमा तोकिएको अवधि भित्र सम्पन्न गर्नुपर्नेछ ।

४.९ प्रथम पक्षले सम्झौता बमोजिम खर्च रकमको बिल भर्पाइ सहितको कार्य सम्पन्न प्रतिवेदन दोस्रो पक्षबाट प्राप्त भए पश्चात् ....................................... मा नबढ्ने गरी नियमानुसारको कर र कन्टेन्जेन्सी कट्टा गरी दोस्रो पक्षलाई भुक्तानी उपलब्ध गराउनेछ वा सम्झौता बमोजिमको

पूर्वाधार निर्माणको लागि सामाग्री आपूर्ति कर्ता/मेसिनरी उपकरण आपूर्तिकर्तालाई सोझै भुक्तानी दिन सक्नेछ। दोस्रो पक्षले भुक्तानी पाउन अनिवार्य रुपमा बिल विजक पेश गर्नुपर्नेछ।

४.१० दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्यसम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित सहकारी/समुह/फर्म हुनेछ।

४.११ दोस्रो पक्षले यो सम्झौता बमोजिमको सम्पूर्ण काम कारवाही, व्यवसायिक योजना, स्टीमेट, डिजाइन अनुसार सञ्चालन गरी पकेट सञ्चालनमा ल्याउनु पर्नेछ।

४.१२ दोस्रो पक्षले पकेटको निर्माण कार्यमा लागेको खर्च विवरणको सार्वजनिक सुनुवाई प्रथम पक्षको प्रतिनिधि र अन्य सरोकारवालाहरुको उपस्थितिमा गराउनु पर्नेछ।

४.१३ दोस्रो पक्षले पकेटको निर्माण कार्य सुरु गर्नु भन्दा पुर्व, पकेट निर्माण कार्य सञ्चालन हुदै गरेको र पकेट सम्पन्न भई सकेपछिको फोटोहरु अन्तिम भुक्तानीको लागि पेश गरिने बिल भर्पाई साथमा अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।

४.१४ दोस्रो पक्षले कृषि उत्पादन सहयोगका लागि लिएको अनुदान रकम पकेट निर्माण/मेसिनरी उपकरण खरिद कार्यमा प्रयोग नगरी हिनाविना भएको देखिएमा वा लापरवाहीको कारणबाट पकेट निर्माण गरिएको पूर्वाधार/मेसिनरी उपकरणहरुको हानि नोक्सानी भएमा प्रचलित नियम कानून बमोजिम दिइएको अनुदान रकम दोस्रो पक्षबाट अशुलउपर गरिनेछ।

४.१५ चौतारा साँगााचोकगढी नगरपालिकाबाट निरिक्षणमा जाने प्राविधिक/प्रतिनिधिलाई निरिक्षण तथा अनुगमनमा दोस्रो पक्षले अनिवार्य रुपमा सहयोग गर्नु पर्नेछ।

४.१६ पकेट सम्पन्न भई हस्तान्तरण भै सके पश्चात् सोको मर्मत संभार सम्बन्धी कार्य दोस्रो पक्ष आफैंले गर्नुपर्नेछ।

४.१७ निर्माण कार्य वा यस सम्बन्धित दोस्रो पक्ष र प्रथम पक्ष बीच कुनै विवाद आएमा चौतारा साँगाचोकगढी नगरपालिकाको निर्णय अन्तिम हुनेछ।

४.१८ यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानून बमोजिम हुनेछ।

४.१९ दोस्रो पक्षले समयमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता बमोजिमको रकम भुक्तानी दिन प्रथम पक्ष वाध्य हुने छैन।

४.२० सम्झौताको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा प्रचलित कानून अनुसार हुनेछ।

४.२१ स्थानीय आवश्यकतानुसार दुवै पक्षको सहमतिमा माथि उल्लेखित शर्तहरुमा फेरबदल गर्न सकिनेछ ।

**४.२२ संलग्न फारमहरु :**

क. पकेट सञ्चालनको लागि स्वीकृत क्रियाकलापाहरु र लागत अनुमान

ख. परियोजनाबाट प्रत्यक्ष लाभान्वित हुने समुह/कृषकहरुको नामावाली विवरण

**उपरोक्त बमोजिम कार्य गर्न मञ्जूर छौं भनी दस्तखत गर्ने ।**

**पहिलो पक्ष**

**चौतारा साँगाचोकगढी नगरपालिका तर्फबाट**

नाम : ................................

पद : प्रमुख प्रशासकीय अधिकृत

दस्तखत :

मिति :

**दोस्रो पक्ष**

**पकेट सञ्चालक समूह/समितिको तर्फबाट**

नाम : श्री .......................................

पद : ............................................

दस्तखत :

सम्पर्क न : ......................................

**साक्षी**

नाम : श्री ................................

पद : कृषि विकास शाखा प्रमुख

दस्तखत :

**ईति संवत् २०८० साल ............... गते रोज ........ शुभम्**